उमाकुण्ड गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
प्रिती, रामेछाप
बागमती प्रदेश, नेपाल (फोन नं ०४६-६९१९२७)

पत्र संख्या :- २०७९/०८०
चलानी नं :- मिति :- २०७९/७/१७

## प्रस्ताव आव्हानको सूचना

**प्रथम पटक प्रकाशित मिति:- २०७९/०७/१७**

यस उमाकुण्ड गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, कृषि विकास शाखाको चालु आ.व. २०७९/०८० को स्वीकृत वार्षिक कार्यक्रमको कृषि विकास कार्यक्रम अन्तर्गत तपसिल अनुसारका कार्यक्रमहरु रहेको हुँदा इच्छुक कृषक/कृषि फर्म/कम्पनी/कृषक समूह/कृषि सहकारीहरुबाट दरखास्त आव्हानको लागि यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले ७ दिन भित्र (मिति २०७९/७/२३ गते भित्र) तोकिएको ढाँचा अनुसारको आवेदन फाराममा दरखास्त दिनु होला । पूनश्च: आवेदन साथ आवेदन फाराममा उल्लेख भए अनुसारका कागजातहरु संलग्न राखी प्रत्येक कार्यक्रमका लागि छुट्टाछुट्टै आवेदन पेश गर्नुहुन यसै सूचनाद्वारा सूचित गरिन्छ । साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका दरखास्तहरु छनौटका लागी समाबेस नहुने व्यहोरा समेत जानकारी गराईन्छ ।

तपसिल :

| सूचना नं | कार्यक्रमको नाम | संचालन गरिने कार्यहरु | न्यूनतम शर्त | अनुदान ( प्रतिशत) | कैफियत |
|---|---|---|---|---|---|
| १ | कृषि यन्त्र वितरण कार्यक्रम | -कम्बाईन मिल<br>-थ्रेसर<br>-मिनि टिलर<br>-प्लाष्टिक टनेल<br>-स्प्रेयर<br>-तेल पेल्ने मिल<br>-मसला पिस्ने मिल | १.माग पेश गरेका कृषकहरुको छनोट खेती गरिने जमिनको अधिकतम क्षेत्रफलका आधारमा गरिनेछ।<br>२.ठूला मेसिनरी यन्त्रहरु संस्था वा समूहमा प्रति गोटाका दरले बाँड्न सकिनेछ।<br>**(२०७९/४/२९ गतेको सूचना अनुसार माग भई आएका प्रस्तावहरुको मात्र प्रस्ताव स्वीकृत हुनेछ । )** | ५०% | |
| २ | आलु तथा अलैंची प्रवर्द्धन कार्यक्रम | १. पि. बि. एस. आलुको दाना खरिद गरि वितरण गरिने ।<br>२. रोजिटा आलुको उन्नत बीउ खरिद गरि कृषकहरुलाई वितरण गरिने । | १. बिउ उत्पादन गर्ने कृषकहरुलाई मात्र ।<br><br>२. बिउ उत्पादन गर्ने कृषकहरुले कम्तीमा ५ रोपनी क्षेत्रफलमा आलु खेती गरेको हुनुपर्ने तथा खाएन आलु उत्पादन गर्ने कृषकहरुले कम्तीमा १० | ५०% | |

२०७९/०७/१७

दिल कृष्ण श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

उमाकुण्ड गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

प्रिती, रामेछाप

बागमती प्रदेश, नेपाल (फोन नं ०४६-६९१९२७)

पत्र संख्या :- २०७९/०८०

चलानी नं :-

मिति :- २०७९/७/१७

| | | | | | |
|---|---|---|---|---|---|
| | | ३. अलैंची विरुवा खरिद गरि कृषकलाई वितरण गरिने ।<br>-क्षमता अभिवृद्दि तालिम | रोपनी क्षेत्रफलमा आलु खेती गरेको हुनुपर्ने<br><br>३. कम्तीमा २ रोपनी क्षेत्रफल हुनुपर्ने। | | |
| ३ | किवि, ओखर र स्याउ खेती बिकास तथा विस्तार कार्यक्रम | -फलफुल विरुवा वितरण<br>- क्षमता अभिवृद्दि तालिम | खेति विस्तारका लागी कम्तिमा २ रोपनी क्षेत्रफल हुनुपर्ने। | ५०% | |

पेश गर्नु पर्ने कागजात

**संलग्न कागजात**

१) नेपाली नागरकरीकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी ।
२) कार्यक्रम संचालनको लागि जग्गा धनी दर्ता प्रमाण पुर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिई करार सम्झौता गरिएको पत्रको प्रतिलिपि ।
३) वडा कार्यालयको सिफारीस ।

**संस्था वा फर्मको हकमा थप कागजात**

१) संस्था/व्यवसाय दर्ताको प्रमाणपत्रको प्रतिलिपी तथा नविकरण भएको प्रमाण पत्रको प्रतिलिपि ।
२) पान दर्ता प्रतिलिपी ।
३) व्यबसाय इजाजतपत्र प्रतिलिपी ।
४) कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी ।
५) समिति निर्णय प्रतिलिपि ।

नोट : माथि उल्लेखित कार्यक्रमहरुमा प्रस्ताव गर्ने आवेदकहरुमध्येबाट छनोट गरि मल, जग्गा तथा अरु आवश्यक कार्यक्रममा समेत अनुदान हुने हुदाँ यस माथि उल्लेखित कार्यक्रम लगतै अर्को सूचना प्रकाशन गरिनेछ ।

**थप जानकारीको लागि : ९८६०००७५९६ मा सम्पर्क गर्नुहोला ।**

दिल कृष्ण श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत